काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www .kankrebihar .com

राष्ट्रिय दैनिक



❐ वर्ष : २६ ❐ अंक : ३८ ❐ सोमवार, १६ कात्तिक, २०८३ ❐ Monday, 2 Nov 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

दुर्गमका गर्भवती र सुत्केरीलाई हेलिकोप्टरकै भर, नौ वर्षमा ३ सय १७ जनाको उद्धार

❐ **चाँदनी कठायत**
सुर्खेत, १५ कात्तिक

कात्तिक ३ गते जाजरकोटको कुशे गाउँपालिका-२ की १७ वर्षीया किशोरीलाई प्रसूतिको क्रममा जटिलता देखिएपछि कात्तिक ३ गते हेलिकोप्टरबाट उद्धार गरियो ।

स्थानीय स्वास्थ्य संस्थामा उपचार सम्भव नभएपछि उनलाई नेपाली सेनाको हेलिकोप्टरमार्फत सुर्खेतस्थित कर्णाली प्रदेश अस्पताल ल्याइएको हो । उमेरले किशोरी नै रहेकी उनको प्रसूति अवस्था जटिल बनेपछि थप उपचारका लागि हवाई उद्धार गर्नुपरेको थियो ।

सोही दिन डोल्पाको शे-फोक्सुण्डो गाउँपालिका-४ नाम्दोकी २८ वर्षीया पेम्मा आङमो गुरुङको पनि हेलिकोप्टरबाट उद्धार गरियो ।

साल अड्दिकएर प्रसूति जटिलता देखिएपछि उनलाई उपचारका लागि सुर्खेत ल्याइएको हो । उपल्लो डोल्पामा सडक यातायातको सहज पहुँच नहुँदा गम्भीर स्वास्थ्य समस्या देखिएका बिरामीलाई अस्पताल पुऱ्याउन हेलिकोप्टरकै भर पर्नुपर्ने अवस्था छ ।

यी दुई घटना कर्णालीका दुर्गम बस्तीमा गर्भवती तथा सुत्केरी महिलाले भोगिरहेको स्वास्थ्य सेवाको पहुँचसम्बन्धी समस्याका पछिल्ला उदाहरण हुन् । सामान्य प्रसूति सेवाका लागि समेत घण्टौं हिँड्नुपर्ने, स्वास्थ्य संस्थामा आवश्यक उपकरण र विशेषज्ञ जनशक्ति नहुने तथा जटिलता देखिएपछि सुविधासम्पन्न अस्पताल पुऱ्याउन यातायातको समस्या हुने अवस्थाले उनीहरुको जीवन जोखिममा पारिरहेको छ ।



असोज २२ गते हुम्लाकी ३६ वर्षीया सोनाम ल्यामु तामाङलाई पाठेघरसम्बन्धी समस्या भएपछि नेपाली सेनाको हेलिकोप्टरबाट उद्धार गरी सुर्खेत ल्याइएको थियो । त्यसअघि असोज १५ गते हुम्लाको सर्केगाड गाउँपालिका-३ की २६ वर्षीया महिलालाई पनि जटिल प्रसूति समस्यापछि हवाई उद्धार गरिएको थियो । बाँकी पृष्ठ २

उद्धारको सुविधा हुँदाहुँदै पनि मातृ मृत्यु

हवाई उद्धार कार्यक्रमले जटिल अवस्थामा रहेका महिलालाई अस्पतालसम्म पुऱ्याउन सहयोग गरे पनि कर्णालीमा मातृमृत्युको समस्या कायमै छ । स्वास्थ्य सेवा निर्देशनालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०८२/८३ मा घरमै सुत्केरी हुँदा वा स्वास्थ्य संस्थामा लैजाने क्रममा बाटैमा २० जना महिलाको मृत्यु भएको छ । पछिल्लो १२ वर्षमा कर्णालीमा १०६ जना आमाको मृत्यु भएको पब्लिक हेल्थ नर्स गुरुङले जानकारी दिइन् । यो आर्थिक वर्ष २०७१/०७२ देखि ०८२/०८३ सम्मको तथ्यांक हो ।

कर्णाली प्रदेशमा ३५९ वटा बर्थिङ सेन्टर रहे पनि सबै ठाउँमा आवश्यक स्वास्थ्य सेवा र दक्ष जनशक्ति उपलब्ध छैन । हवाई उद्धारको व्यवस्था भए पनि स्वास्थ्य संस्थासम्म सहज पहुँच नहुँदा जोखिम कायमै छ ।

कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालय र आईसीएफले सन् २०२३ मा सार्वजनिक गरेको 'कर्णाली प्रदेश : नेपाल स्वास्थ्य संस्था बाँकी पृष्ठ २

देशभरबाट ९ सय ५४ को उद्धार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको प्रगति विवरणअनुसार आर्थिक वर्ष ०७५/७६ देखि २०८३ असोज १२ गतेसम्म देशभरबाट ९ सय ५४ सुत्केरी तथा गर्भवतीको उद्धार गरेको छ । ०८२ चैत १३ देखि २०८३ असोज १२ सम्म मात्रै देशभर ४९ जना गर्भवती, सुत्केरी तथा नवजात शिशुको हवाई उद्धार गरिएकोमा कर्णालीका मात्रै १५ जना रहेको मन्त्रालयले जनाएको छ ।

दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलालाई समयमै सुविधासम्पन्न अस्पताल पुऱ्याउने उद्देश्यले सरकारले आर्थिक वर्ष २०७५/७६ देखि राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत निःशुल्क हवाई उद्धार सेवा सञ्चालन गर्दै आएको छ । कार्यक्रम सुरु भएदेखि चालु आर्थिक वर्ष ०८३/८४ को असोज १२ गतेसम्म ३ सय १७ जना गर्भवती तथा सुत्केरी महिलाको हेलिकोप्टरबाट उद्धार गरिएको छ ।

आर्थिक सर्वेक्षण २०८२/८३ अनुसार उक्त अवधिसम्म देशभर ९५४ जनाको हवाई उद्धार गरिएको छ । तीमध्ये कर्णालीबाट मात्रै ३१७ जना छन् । उद्धार गरिएका महिलाको संख्याले दुर्गम भूगोल र स्वास्थ्य सेवाको कमजोर पहुँचका कारण कर्णालीमा हवाई उद्धारको आवश्यकता देखाउँछ ।

सरकारले २०७५ पुस ७ गते हुम्लाको चंखेली गाउँपालिकाबाट पहिलोपटक एक सुत्केरीको हेलिकोप्टरबाट उद्धार गरी कार्यक्रम सुरु गरेको थियो । त्यसयता जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलालाई नेपाली सेनाको हेलिकोप्टरमार्फत उद्धार गरी तोकिएका सुविधासम्पन्न अस्पतालमा पुऱ्याउने गरिएको छ ।

कार्यक्रमअन्तर्गत लामो समय प्रसव व्यथा लागेर बच्चा जन्माउन कठिन भएको, अत्यधिक रक्तस्राव भएको, उच्च रक्तचाप तथा एक्लेम्पसिया देखिएको, पाठेघर फुट्ने जोखिम भएको, सालनाल ननिस्किएको तथा अन्य गम्भीर प्रसूति समस्या देखिएका महिलालाई उद्धार गर्ने व्यवस्था छ । स्थानीय स्वास्थ्य संस्था, स्थानीय तह र जिल्ला प्रशासन कार्यालयको समन्वय तथा प्रमुख जिल्ला अधिकारीको सिफारिसका आधारमा मन्त्रालयले उद्धारको प्रक्रिया अघि बढाउँछ । उद्धार गरेर अस्पताल पुऱ्याइएका महिलालाई पोषण स्याहार तथा यातायात खर्चका लागि एकमुष्ट २० हजार रुपैयाँ उपलब्ध गराउने व्यवस्था पनि छ ।

हवाई उद्धार कार्यक्रम सञ्चालन भएको वर्षौं बितिसक्दा पनि दुर्गम बस्तीका महिलाले प्रसूति सेवाका लागि हेलिकोप्टरकै प्रतीक्षा गर्नुपर्ने अवस्था हटेको छैन । स्थानीय स्वास्थ्य संस्थामा सामान्य प्रसूति सेवा उपलब्ध भए पनि जटिलता व्यवस्थापन गर्न सक्ने दक्ष जनशक्ति, उपकरण र पूर्वाधारको बाँकी पृष्ठ ३

चार हिमतालको पानी घटाउने, पूर्वसूचना प्रणाली विस्तार गरिने

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, १५ कात्तिक

नेपाल सरकारले सात अर्ब भन्दा धेरै रकम खर्च गरेर उच्च जोखिमयुक्त चार हिमतालको पानीको सतह घटाउने र चार प्रमुख नदी बेसिनमा बाढी पूर्वसूचना प्रणाली विस्तार गर्ने योजना अघि सारेको छ । जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा हिमताल विस्फोट, हिमपहिरो र बाढीपहिरोको जोखिम बढ्दै गएपछि सरकारले मनाङ, संखुवासभा र सोलुखुम्बुका चार हिमतालको पानी घटाउने योजना अघि सारेको हो ।

उच्च जोखिम सूचीमा रहेका मनाङको ठुलागी, संखुवासभाको तल्लो बरुण तथा सोलुखुम्बुका लुम्दिङ च्छो र होङ्गु-२ हिमतालको पानीको सतह घटाउने तयारी अघि बढाइएको हो ।

यूएनडीपी र इसिमोडबाट भएको एक अध्ययन प्रतिवेदन अनुसार नेपालतर्फ २१ वटा हिमताल अति जोखिममा छन् । अति जोखिम सूचीको एक नम्बरमा रहेको दोलखाको च्छो रोल्पा तालको पानी सन् २००० मा ३ मिटर र दुई नम्बरमा रहेको सोलुखुम्बुको इम्जा तालको पानी सन् २०१६ मा ३.४ मिटर नेपाली सेनाको सहयोगमा घटाइएको थियो । सोही जोखिम सूचीको प्राथमिकता क्रममा रहेका ठुलागी, तल्लो बरुण, लुम्दिङ च्छो र होङ्गु-२ तालको पानी पनि घटाउने योजना अघि सारिएको हो । होंगु-२ को एक मिटर र बाँकीको करिब ३ मिटर सतह घटाउने प्रारम्भिक योजना रहेको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय अन्तर्गतको जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रका उपकार्यकारी निर्देशक एवं प्रवक्ता डा. राजन भट्टराईले जानकारी दिए ।

'सरकारका राम्रा-नराम्रा सबै कामको जिम्मेवारी रास्वपाले लिनुपर्छ'



❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, १५ कात्तिक

नेपाली कांग्रेसका सभापति गगन थापाले वर्तमान सरकारको नेतृत्व र कार्यशैलीप्रति प्रश्न उठाउँदै सरकारका सबै गतिविधिको राजनीतिक जिम्मेवारी सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले लिनुपर्ने बताएका छन् । आइतबार नेपाली कांग्रेसको केन्द्रीय कार्यालय सानेपामा आयोजित कार्यक्रममा सरकारका पछिल्ला गतिविधि, राजनीतिक घटनाक्रम, सुशासन, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र विधिको शासनबारे धारणा राख्दै सभापति थापाले सरकारका राम्रा कामको जस लिने र नराम्रा कामको अपजसबाट उम्किने सुविधा सत्तारूढ दललाई नभएको बताए । उनले सरकारलाई डर, त्रास र प्रतिशोधको राजनीति छाडेर विश्वासका आधारमा शासन सञ्चालन गर्न आग्रह गरे । मुलुकलाई अहिले त्रासको नभई भरोसाको बाँकी पृष्ठ २

न्युजरुममा हस्तक्षेप र पत्रकार धरपकडविरुद्ध संसदीय छानबिनको माग

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, १५ कात्तिक

न्यूजरुममै छिरेर प्रहरीले पत्रकार पक्राउ गरेको घटना तथा त्यसपछि राज्य संयन्त्रबाट भइरहेको गैरजिम्मेवार अभिव्यक्तिप्रति गम्भीर आपत्ति जनाउँदै 'नेपाल जेन-जी फ्रन्ट' ले संसदीय छानबिन समिति गठन गर्न माग गरेको छ।

संयोजक रक्षा बमद्वारा जारी विज्ञप्तिमा समाचारको स्रोत पत्ता लगाउने बहानामा न्युजरुममै प्रहरी पस्नु अभिव्यक्ति स्वतन्त्रता, लोकतन्त्र र संविधानमाथिको ठाडो प्रहार भएको ठहर गरिएको छ । यो कदम अभिव्यक्ति स्वतन्त्रताका पक्षमा भएको जेन-जी विद्रोहको जनादेशविरुद्ध भएको फ्रन्टको ठहर छ ।



विज्ञप्तिमा पत्रकार पक्राउको विषयमा प्रधानमन्त्री सचिवालय, गृह मन्त्रालय र प्रहरी प्रशासनबीच एकअर्कामाथि दोष थोपर्ने 'ब्लेम गेम' चलिरहेको टिप्पणी गरिएको छ ।

'प्रधानमन्त्री सचिवालयले गैरजिम्मेवार रूपमा अनभिज्ञता प्रकट गरेको छ, गृह मन्त्रालयले विवरण थाहा नभएको भन्दै टारेको छ र प्रहरी प्रशासनले त पक्राउ नै अस्वीकार गरेको छ,' विज्ञप्तिमा भनिएको छ, 'राज्यका जिम्मेवार अङ्गहरू पन्छिँदै चर्को स्वरमा कसैलाई पक्राउ गरिएको छैन भन्दै पक्राउको आदेश कसले र कुन कानुनी आधारमा दियो भन्ने प्रश्नको उत्तर दिनबाट भागिरहेका छन् ।'

त्यस्तै, बाँकी पृष्ठ २

स्वच्छ शहर: स्वस्थ शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- ध्वनी र वायु प्रदुषण कम गरौं,
- समय समयमा सवारी साधनको मर्मत सम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,



- सार्वजनिक स्थलका बोटविरुवाहरुको संरक्षण गरौं,
- सडकको नियमित मर्मत गरौं,
- सडकमा निर्माण सामग्री नराखौं ।

शहरलाई सफा राखौं: सुन्दर बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

काँक्रेविहार राष्ट्रिय दैनिक
दृष्टिकोण
सोमवार, १६ कार्तिक, २०८३
Monday, 2 Nov 2026

सम्पादकीय

लागुऔषध नियन्त्रणमा राज्यको जवाफदेहिता

कर्णालीमा विकासका पूर्वाधार विस्तार हुँदैछन् । सडक, पुल र भवन निर्माणलाई प्रदेशको विकासको सूचक मानिएको छ । तर, यही भूगोलमा अर्को भयावह समस्या पनि तीव्र गतिमा फैलिरहेको छ-लागुऔषध । दुर्गम बस्तीमा आधारभूत स्वास्थ्य सेवा र सडक पुऱ्याउन वर्षौं लाग्ने कर्णालीमा लागुऔषध भने सहजै गाउँगाउँ पुग्नु चिन्ताको विषय हो । यसले विकासको परिभाषामाथि नै प्रश्न उठाएको छ । कर्णाली प्रदेश प्रहरी कार्यालयको पछिल्लो पाँच वर्षको तथ्यांकअनुसार प्रदेशका १० जिल्लामा लागुऔषधसम्बन्धी ७० ९ मुद्दा दर्ता भएका छन् । यस अवधिमा एक हजार ६९४ जना पक्राउ परेका छन् । बरामद भएको अफिम, चरेश, गाँजा, ब्राउन सुगर तथा औषधिजन्य नशालु पदार्थको परिमाणले समस्या कति गहिरिएको छ भन्ने देखाउँछ । अझ चिन्ताजनक पक्ष पक्राउ पर्नेमा अधिकांश गरिबी र बेरोजगारीका कारण थोरै रकमको लोभमा भरिया बनेका नागरिक हुनु हो । तर, कारोबारको ठूलो सञ्जाल सञ्चालन गर्ने मुख्य व्यक्ति र गिरोहसम्म अनुसन्धान पुग्न नसक्नुले नियन्त्रण अभियानको प्रभावकारितामाथि प्रश्न उठाएको छ ।

लागुऔषध नियन्त्रणलाई प्रहरीको नियमित चेकजाँच र पक्राउमा मात्र सीमित राखेर समाधान खोज्न सकिँदैन । खुला सीमाबाट हुने तस्करी रोक्न नेपाल र भारतका सुरक्षा निकायबीच सूचना आदानप्रदान, समन्वय र संयुक्त निगरानी आवश्यक छ । त्यस्तै, कर्णालीका प्रवेशमार्ग र सम्भावित ओसारपसार हुने बाटाहरूमा प्रभावकारी निगरानी बढाउनुपर्छ । भरियालाई पक्राउ गरेर मात्र कारोबारीको सञ्जाल भत्किँदैन । कारोबारको स्रोत, लगानीकर्ता र मुख्य सञ्चालक पहिचान गरी कानुनी दायरामा ल्याउनुपर्छ । यसको अर्को महत्वपूर्ण पक्ष सामाजिक र आर्थिक अवस्था हो । बेरोजगारी, गरिबी, अभिभावकको अनुपस्थिति र युवामा बढ्दो निराशाले उनीहरूलाई लागुऔषधको कारोबार तथा दुर्व्यसनतर्फ धकेल्न सक्छ । त्यसैले स्थानीय सरकारले सडक र भौतिक संरचनामा बजेट खर्च गरेजस्तै युवा लक्षित सीप, रोजगारी, खेलकुद र उद्यमशीलताका कार्यक्रमलाई पनि प्राथमिकता दिनुपर्छ । विद्यालय तहबाटै लागुऔषधको जोखिमबारे सचेतना फैलाउनुका साथै दुर्व्यसनमा परेकालाई उपचार, परामर्श र पुनःस्थापनाको अवसर दिनुपर्छ ।

कर्णालीको विकास भनेको सडक र भवन निर्माण मात्र होइन, स्वस्थ र सुरक्षित नागरिक निर्माण पनि हो । प्रदेश र स्थानीय सरकारले लागुऔषध नियन्त्रणलाई साझा प्राथमिकतामा राखेर स्पष्ट कार्ययोजना, पर्याप्त बजेट र नियमित अनुगमनको व्यवस्था गर्नुपर्छ । प्रहरीको सक्रियता, सरकारी जवाफदेहिता र समुदायको सहभागिता एकसाथ अघि बढे मात्रै यो समस्याको जरोसम्म पुग्न सकिन्छ । यो अवस्था बढ्दै गयो भने केही समयपछि विकासका संरचना थपिँदै जानेछन्, तर तिनको उपयोग गर्ने युवा पुस्ता नै दुर्व्यसनको जोखिममा पर्दै जानेछ । त्यसैले यसको मुख्य जड पत्ता लगाएर युवालाई रोजगारीको व्यवस्था मिलाएर देशका उर्जाशील शक्तिलाई जोगाईराख्न सरकारले ठोस योजना बनाएर काम गर्नुपर्ने देखिन्छ ।

बर्दीभित्र सल्किँदै गरेको आगो :

के नेपाल प्रहरी भित्री विस्फोटको संघारमा छ ?



✍ दीपक राज जोशी

प्रहरी प्रधान कार्यालय नक्सालमा बिहीबार (१२ कात्तिक) दिउँसो २ देखि साँझ ७ बजेसम्म एउटा अलि फरक किसिमको बैठक बस्यो । प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले डाकेको नीति समन्वय समितिको उक्त छलफल अनपेक्षित रूपमा लामो समयसम्म चल्यो । आईजीपीलाई पदबाट हटाइँदै छ भन्ने चर्चा चुलिएको कारणले नै बैठक यति लामो भएको अनुमान गरिएको थियो ।

बिभिन्न पत्र पत्रिका अनुसार, उच्च पदस्थ व्यक्तिहरूमाथि अनुसन्धान गर्दा कार्कीले कानुनी प्रक्रिया पुर्याएर मात्र पक्राउ गर्नुपर्ने कडा अडान लिएपछि प्रधानमन्त्री कार्यालयका केही अधिकारीहरू उनीसँग रुष्ट बनेका छन् । बैठकपछि प्रहरीले विज्ञप्ति जारी गर्दै सुरक्षा निकायलाई विवादमा ल्याएर सरकारविरुद्ध लाग्नेहरूमाथि कानुनी कारबाही गरिने चेतावनी दिएको छ । यता कार्कीले भने आफूसँग कसैले राजीनामा नमागेको स्पष्ट पारेका छन् । तर, बैठकमा भने प्रधानमन्त्री कार्यालयमै पुगेर स्थिति स्पष्ट पार्ने विषयमा छलफल हुनुका साथै संगठनको मर्यादा जोगाउन सम्पूर्ण प्रहरी नेतृत्व एकबद्ध भएर उभिने निर्णय भएको सहभागी अधिकारीले बताएका थिए । यो सामान्य प्रशासनिक असमझदारी वा खिचातानी मात्र होइन । जब एउटा हतियारधारी निकायका शीर्ष अधिकारीहरू ६ घण्टासम्म छलफलमा जुटेर संस्थागत रूपमा एकजुट हुने निर्णय गर्छन्, त्यसले चेन अफ कमान्डमा गम्भीर दरार आइसकेको प्रस्ट सङ्केत स्पस्ट रुपमा गर्छ ।

यो परिस्थितिको गम्भीरता बुझ्न २०८२ भदौ २३ र २४ गतेको घटनाक्रम सम्झनुपर्छ। सामाजिक सञ्जालमाथिको प्रतिबन्धपछि भड्किएको जेन-जी आन्दोलनमा प्रहरीले दुई दिनमै १३,१८२ राउन्ड गोली चलाएको र ७७ जनाको ज्यान गएको गृह मन्त्रालयको तथ्याङ्क छ। अर्कोतर्फ, प्रहरी आफैले पनि ठूलो क्षति बेहोर्यो ४०० भन्दा बढी प्रहरी कार्यालय जलाइए, १२ सयभन्दा बढी हतियार र करिब एक लाख गोली लुटिए । यसरी जेन-जी आन्दोलनमा प्रहरी दोषी र पीडित दुवै बन्न पुग्यो । माथिल्लो आदेश पालना गर्दा प्रहरीले जनताको आक्रोश र गोलीको सामना गऱ्यो, आफ्नै कार्यालय जलेको देख्न बाध्य भयो । अनि पछि आदेश दिने राजनीतिक नेतृत्वमाथि नै कारबाहीको ढोका खुल्दा, केवल आदेश पालना गर्ने जवान र अधिकृतहरू कतै बलिको बोको बन्ने हुन् कि भन्ने त्रासमा पर्न थाले ।

माथिल्लो आदेश पालना गरेकै आधारमा मात्र कुनै प्रहरीमाथि कारबाही हुनु हुँदैन । प्रहरीभित्रको असन्तुष्टि पनि यहींबाट झल्किन्छ । कर्तव्य निर्वाह गर्दा जोखिम प्रहरीले नै मोल्ने, आदेश पालना गर्दा अगाडि प्रहरी नै उभिने, अनि परिस्थिति बिग्रिएपछि दोषको भारी पनि प्रहरीमाथि नै थोपर्ने ?

गौरीबहादुर कार्की आयोगको १,००० पृष्ठ लामो प्रतिवेदनका आधारमा प्रतिवेदनमा उच्च राजनीतिक नेतृत्वलाई फौजदारी मुद्दा चलाउने सिफारिस गरिनुका साथै सुरक्षा निकाय (नेपाल प्रहरी, सशस्त्र प्रहरी) का तत्कालीन उच्च अधिकारीहरू (एआईजी, डीआईजी, एसएसपी, एसपी दर्जासम्म) लाई आ-आफ्नो क्षेत्र र कमान्ड अनुसार ड्युटी, कमान्डिङ र सुरक्षा नियन्त्रणमा कमजोरी देखिएको भन्दै विभागीय कारबाहीको सिफारिस गरिएको थियो । भदौ २४ मा काठमाडौं उपत्यका प्रहरी प्रमुख छँदा हतियार र कार्यालय जोगाउन नसकेको भन्दै वर्तमान आईजीपी कार्की आफैं पनि कारबाहीको सूचीमा परेका छन् । पूर्वप्रहरी प्रमुखले सर्वोच्च अदालतमा उठाएको एउटा तर्क अहिले पनि प्रहरी संगठनभित्र सुनिन्छ। माथिल्लो आदेश पालना गरेकै आधारमा मात्र कुनै प्रहरीमाथि कारबाही हुनु हुँदैन । प्रहरीभित्रको असन्तुष्टि पनि यहींबाट झल्किन्छ । कर्तव्य निर्वाह गर्दा जोखिम प्रहरीले नै मोल्ने, आदेश पालना गर्दा अगाडि प्रहरी नै उभिने, अनि परिस्थिति बिग्रिएपछि दोषको भारी पनि प्रहरी माथि नै थोपर्ने ?

अब दोस्रो पाटोतर्फ हेरौं । सुरक्षाको जोखिम देखाउँदै पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणालाई निवासबाटै प्रहरी कार्यालय लगिएलगत्तै बिचौलिया इनम (इनाम) सापकोटा पक्राउ परे । अनुसन्धानका क्रममा उनको मोबाइलबाट नेपाल प्रहरी र सशस्त्र प्रहरीका वरिष्ठ अधिकारीहरूसँग नियमित सम्पर्क रहेको तथ्य खुलेको छ, जसका कारण सशस्त्रका एआईजी बंशीराज दाहाल निलम्बनमा परिसकेका छन् । कान्तिपुर दैनिकले उल्लेख गरेअनुसार सापकोटाले न्यायाधीश, सुरक्षा अधिकारी, कानून व्यवसायी र सत्तारूढ नेताहरूसँग बलियो सम्बन्ध बनाएको मात्र होइन, प्रधानमन्त्री र अमेरिकी दूतावाससँग समेत आफ्नो विशेष घनिष्ठता रहेको दाबी गर्दै आएका थिए । यद्यपि, आईजीपी कार्की र सापकोटाको सम्बन्धबारे बाहिरिएका विवरणहरू हालसम्म आरोप र खण्डनको दायराभन्दा माथि उठेका छैनन्, अर्थात् ती प्रमाणित तथ्य बनिसकेका छैनन् ।

बिचौलियासँग सुरक्षाकर्मीहरूको साँठगाँठ हो वा होइन भन्ने निर्णय अदालतले गर्ने नै छ, तर यसबाट स्पष्ट राजनीतिक सन्देश गइसकेको छ । राजनीतिक सत्ता र सुरक्षा संयन्त्रबीचको विश्वासको डोरी चुँडिएको छ। रोचक त के छ भने, सत्तारूढ दलभन्दा पनि राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद खगेन्द्र सुनारले नै निर्वाचन ड्युटीमा खटिने निर्वाचन (म्यादी) प्रहरीको पोसाक खरिदमा अनियमितता भएको गम्भीर आरोप लगाएका छन्, जसका आधारमा मनिष झाको संयोजकत्वमा सार्वजनिक लेखा समितिले छानबिन उपसमितिसमेत गठन गरेको छ । यता आईजीपी कार्कीले भने यी सम्पूर्ण प्रहारहरूलाई सङ्गठनमाथि गरिएको चौतर्फी आक्रमण को रूपमा परिभाषित गरेका छन् ।

त्यसलगत्तै शुक्रबार प्रहरीले तीन जना पत्रकारलाई पक्राउ गरूयो भने एक जनालाई त सीधै न्युजरूमबाटै नियन्त्रणमा लिने प्रयास गरूयो । प्राप्त रिपोर्टहरू अनुसार यी गिरफ्तारीहरू आईजीपी कार्कीसँग जोडिएका समाचारहरूको प्रतिशोध स्वरूप भएका हुन् । यस घटनाको नेपाली कांग्रेस, राप्रपालगायतका दलहरूका साथै नेपाल बार एसोसिएसन र प्रेस काउन्सिलले कडा शब्दमा विरोध जनाएका थिए । चौतर्फी विरोधपछि प्रधानमन्त्रीको सचिवालयले यसमा हाम्रो कुनै संलग्नता छैन भन्दै पत्रकारहरूलाई तत्काल रिहा गर्न सम्बन्धित पक्षलाई निर्देशन दियो यसले सबैको मनमा एउटै गम्भीर प्रश्न उब्जाएको छ- के अब प्रहरी आफ्नो प्रमुखको व्यक्तिगत छवि जोगाउन प्रेसको न्युजरूमसम्मै धावा बोल्ने अवस्थामा पुगेको हो ? र, आफ्नै नेतृत्वमाथि प्रश्न उठ्दा के सुरक्षा निकाय सरकारसँगै द्वन्द्वमा उत्रिन खोजेको हो ?

अहिले सरकारसामु दुईवटा मात्र विकल्प बाँकी छन्- पहिलो, प्रहरीलाई आफ्नो राजनीतिक स्वार्थ पूरा गर्ने औजार बनाइराख्ने; दोस्रो, यसलाई पूर्ण रूपमा कानुन र व्यावसायिक मर्यादाप्रति उत्तरदायी स्वायत्त संस्था बनाउने । पहिलो बाटो सजिलो र छोटो जस्तो लाग्नु स्वाभाविक हो, तर यसको अन्त्य निकै अनिश्चित र खतरनाक हुन्छ । दोस्रो बाटो कठिन र जटिल छ, तर मुलुकलाई सही दिशामा जोगाइराख्न यही एक मात्र उपाय हो ।

विश्व इतिहासलाई पल्टाएर हेर्ने हो भने प्रहरी विद्रोह कुनै एक देशमा मात्र सीमित घटना होइन । सन् १९३३ मा नाइजेरियामा प्रहरी विद्रोह भएको रेकर्ड छ भने, १९७२ मा पाकिस्तान र १९७३ मा भारतको प्रोभिन्शियल आर्मड कन्स्टेबुलरी पनि विद्रोहमा उत्रिएका थिए । त्यस्तै, १९९३ मा बंगलादेश, १९९८ मा मेक्सिको (नेतृत्व र भ्रष्टाचारविरुद्ध सशस्त्र विद्रोह), १९९९ मा ग्वाटेमाला (मुख्यालय नै नियन्त्रणमा लिइएको), २००० मा जिबुटी (सेना र प्रहरीबीचको द्वन्द्व) तथा दक्षिण अफ्रिकामा समेत प्रहरी हडतालका घटना घटेका छन् । यी सबै घटनाका परिवेश भिन्न भए पनि अन्तर्यमा राजनीतिक अपमान, तलब-भत्ता र बढुवामा असन्तुष्टि, कानुनी असुरक्षा तथा नेतृत्वप्रतिको अविश्वास जस्ता साझा कारणहरू रहेका थिए । सन् २०१० मा इक्वेडरमा प्रहरीले राष्ट्रपति राफेल कोरियालाई अस्पतालमै घेरेको घटना पनि यसैको कडी हो । विडम्बना, आज नेपालमा यी सबै नकारात्मक तत्त्वहरू एकसाथ प्रकट भएका छन् ।

हालसम्म नेपालमा औपचारिक रूपमा प्रहरी विद्रोह भएको छैन, र त्यस्तो निष्कर्ष निकाल्ने ठोस प्रमाण पनि देखिएको छैन । तर विद्रोह सधैं बन्दुक उठाएर सडकमा निस्किएर मात्रै सुरु हुँदैन । कहिलेकाहीं त्यसका संकेतहरू संस्थाभित्रै देखिन थाल्छन् । आदेश कार्यान्वयनमा अनिच्छा वा ढिलाइ, आन्तरिक असन्तुष्टि, गुटबन्दी, सूचनाको चुहावट र राजनीतिक नेतृत्व तथा सुरक्षाकर्मीबीच बढ्दो अविश्वास त्यसका प्रारम्भिक संकेत हुन सक्छन् ।

यस्तो संवेदनशील अवस्थामा फेरि कुनै अर्को ठूलो जनआन्दोलन भयो भने परिस्थिति कति जटिल र भयावह हुन सक्छ, सहजै अनुमान गर्न सकिन्छ । जेन-जी आन्दोलनमा राज्यले आन्दोलन नियन्त्रण गर्न यही प्रहरीलाई अग्रपंक्तिमा खटाएको थियो । त्यस क्रममा भएको हिंसामा ७७ जनाले ज्यान गुमाएको तीतो यथार्थ आज पनि हाम्रो सामुन्ने छ । तर त्यस घटनाबाट राज्यले सबैभन्दा ठूलो पाठ के सिक्यो भने प्रहरीलाई केवल आदेश पालना गर्ने शक्ति मान्ने कि उनीहरूलाई पनि राज्यको संवेदनशील संस्थाका रूपमा सुन्ने र संरक्षण गर्ने ?

अहिले सरकारसामु दुईवटा मात्र विकल्प बाँकी छन्- पहिलो, प्रहरीलाई आफ्नो राजनीतिक स्वार्थ पूरा गर्ने औजार बनाइराख्ने; दोस्रो, यसलाई पूर्ण रूपमा कानुन र व्यावसायिक मर्यादाप्रति उत्तरदायी स्वायत्त संस्था बनाउने । पहिलो बाटो सजिलो र छोटो जस्तो लाग्नु स्वाभाविक हो, तर यसको अन्त्य निकै अनिश्चित र खतरनाक हुन्छ । दोस्रो बाटो कठिन र जटिल छ, तर मुलुकलाई सही दिशामा जोगाइराख्न यही एक मात्र उपाय हो । इतिहासले हामीलाई पटक-पटक चेतावनी दिइसकेको छ, अब त्यो चेतनालाई आत्मसात् गर्ने वा नगर्ने भन्ने पूर्ण रूपमा राज्यको जिम्मामा छ ।

न्युजरुममा...

राष्ट्रिय मानव अधिकार आयोगसमेत मौन, निष्क्रिय र औपचारिकतामै सीमित भएको भन्दै फ्रन्टले खेद व्यक्त गरेको छ । सरकार स्वयं यस घटनामा गैरजिम्मेवार बनेकाले सार्वभौम संसद्ले यसको जवाफदेहिता खोज्नुपर्ने निष्कर्ष निकाल्दै फ्रन्टले राजनीतिक दल र संसद्समक्ष चारबुँदे माग अघि सारेको छ । सत्ता र प्रतिपक्ष दुवै पक्षका दलहरूले यस घटनाप्रति स्पष्ट अडान सार्वजनिक गरी गृहमन्त्री तथा प्रहरी नेतृत्वको जवाफदेहिताका लागि संयुक्त रूपमा दबाब सिर्जना गर्नुपर्ने, प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूको सहभागितामा संसदीय छानबिन समिति गठन गरी प्रधानमन्त्रीका सचिवालयका कर्मचारी, गृहमन्त्री, आईजीपी र जिम्मेवार प्रहरी अधिकारीलाई बोलाएर तत्काल स्पष्टीकरण लिनुपर्ने माग फ्रन्टको छ ।

पक्राउको आदेश कसले दियो र कानुनी आधार के थियो भन्ने यकिन गरी तोकिएको समयभित्र प्रतिवेदन सार्वजनिक गर्ने तथा प्रेस स्वतन्त्रता एवं मानव अधिकार उल्लङ्घनमा संलग्न दोषीमाथि हदैसम्मको कारबाही हुनुपर्ने माग पनि अघि सारिएको छ ।

संसद्मा गम्भीर छलफल गरी प्रेस स्वतन्त्रता संरक्षणको प्रतिबद्धतासहित विगतदेखि नै विवादित र असंवैधानिक मानिएको विद्युतीय कारोबार ऐनको दफा ४७ खारेज वा संशोधन प्रक्रिया अघि बढाउन पनि विज्ञप्तिमा माग गरिएको छ ।

सरकारका...

आवश्यकता रहेको उल्लेख गर्दै नागरिकमा डर सिर्जना गरेर शासन गर्न खोज्नु उचित नहुने उनको भनाइ थियो ।

सरकारले शक्तिको प्रयोग गर्दा संयम अपनाउनुपर्ने र लोकतान्त्रिक मूल्य तथा मान्यताभित्र रहेर काम गर्नुपर्नेमा जोड दिँदै थापाले सरकारको जिम्मेवारी आदेश दिने र नियन्त्रण गर्ने मात्र नभई नागरिकलाई राज्यप्रति भरोसा दिलाउनु पनि भएको बताए ।

उद्धारको...

सर्वेक्षण २०२१ र नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ का प्रमुख निष्कर्ष' प्रतिवेदनअनुसार प्रदेशका १५ देखि ४९ वर्ष उमेर समूहका महिलामध्ये ५८.५ प्रतिशतलाई नजिकको स्वास्थ्य संस्था पुग्न ३० मिनेटभन्दा कम समय लाग्छ । १९.३ प्रतिशतलाई ३० मिनेटदेखि एक घण्टा, १५.६ प्रतिशतलाई एकदेखि दुई घण्टा र ६.६ प्रतिशतलाई दुई घण्टा वा बढी समय लाग्ने गरेको छ ।

प्रतिवेदनमा सहभागी महिलामध्ये ९६.७ प्रतिशतले पैदल हिँडेर स्वास्थ्य संस्था पुग्ने गरेको उल्लेख छ । सर्वेक्षणमा ९०९ महिलाको विवरण समेटिएको थियो ।

दुर्गमका...

दुर्गम जिल्लामा उपचार सम्भव नभएपछि उनीहरूलाई प्रदेश अस्पतालसम्म ल्याउन हेलिकोप्टर प्रयोग गर्नुपरेको हो ।

कर्णालीमा यस्ता घटना नयाँ होइनन् । भौगोलिक विकटता, सडक यातायातको अभाव र स्वास्थ्य संस्थामा पर्याप्त उपचार सेवा नहुँदा गर्भवती तथा सुत्केरी महिलाका लागि हेलिकोप्टर नै आपत्कालीन उपचारको प्रमुख विकल्प बन्ने गरेको छ ।

विशेषगरी हुम्ला, डोल्पा, मुगु, जुम्ला र कालिकोटका दुर्गम बस्तीमा प्रसूति जटिलता देखिँदा समयमै अस्पताल पुऱ्याउनु ठूलो चुनौती हुने गरेको छ ।

उपल्लो डोल्पामा फसेका ६ भारतीय पर्यटकको उद्धारमा ढिलाइ

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १५ कात्तिक



भिारी हिमपातका कारण उपल्लो डोल्पामा फसेका ६ जना भारतीय पर्यटकको उद्धारमा ढिलाइ भएको छ। उद्धारका लागि हेलिकोप्टर परिचालन गर्ने तयारी भए पनि नेपाली सेनाको हेलिकोप्टरमा प्राविधिक समस्या आएपछि ढिलाइ भएको हो।

डोल्पामा रहेका २४४ जना पर्यटकमध्ये ६ जना भारतीय पर्यटक भारी हिमपातका कारण शे-फोक्सुन्डो गाउँपालिका-८ स्थित दानिगढ क्षेत्रमा फसेका छन्। दुई महिला र चार पुरुषसहित छ जना पर्यटकको उद्धारका लागि जिल्ला प्रशासन कार्यालयले पहल गरिरहेको छ।

सुर्खेतस्थित नेपाली सेनाको हवाई बेसमा रहेको हेलिकोप्टरमा समस्या आएपछि तत्काल उद्धार गर्न कठिनाइ भएको प्रमुख जिल्ला अधिकारी जुनु हमाल ढकालले बताइन्। अहिले अन्य हेलिकोप्टरको खोजी भइरहेको उनले जानकारी दिइन्।

उद्धारको पर्खाइमा रहेका भारतीय पर्यटकमा मौमिता हल्दार, पियाली कोले, जजल त्रिवेद कुमार, आदित्य सिंह, दिपलीना बिस्वास र राजेश दे रहेका छन्। जिल्ला प्रशासन कार्यालयलाई कात्तिक १४ गते उनीहरू हिमपातका कारण फसेको जानकारी प्राप्त भएको थियो।

उनीहरूको कात्तिक १५ गते हेलिकोप्टरमार्फत उद्धार गर्ने तयारी गरिएको थियो। तर उद्धारका लागि आवश्यक हेलिकोप्टरमा प्राविधिक समस्या आएपछि वैकल्पिक हेलिकोप्टरको खोजी गर्नुपर्ने अवस्था आएको हो। उपल्लो डोल्पा प्राकृतिक सौन्दर्य, हिमाली भूगोल, बौद्ध संस्कृति र फोक्सुन्डो तालका कारण विदेशी पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको छ। पर्यटकको आगमन बढ्दै जाँदा उनीहरूको सुरक्षा र आपत्कालीन उद्धारको विषय पनि उत्तिकै महत्वपूर्ण बनेको छ। डोल्पाजस्तो दुर्गम जिल्लामा सडक यातायातको पहुँच सीमित छ। उच्च हिमाली क्षेत्रमा मौसम अचानक परिवर्तन हुने र हिमपातका कारण पैदल मार्गसमेत अवरुद्ध हुने भएकाले आपत्कालीन अवस्थामा हेलिकोप्टर नै उद्धारको प्रमुख माध्यम बन्ने गरेको छ।

तर उद्धार गर्नुपर्ने अवस्थामा हेलिकोप्टर नै उपलब्ध नहुँदा पर्यटकको सुरक्षामा चुनौती देखिएको छ। एउटा हेलिकोप्टरमा प्राविधिक समस्या आउँदा वैकल्पिक व्यवस्था तत्काल गर्न नसक्नुले दुर्गम क्षेत्रको उद्धार प्रणालीमा पूर्वतयारी आवश्यक रहेको देखाउँछ।

पर्यटकको संख्या बढाउने लक्ष्यसँगै उनीहरूको सुरक्षाका लागि आवश्यक उद्धार संयन्त्र, हेलिकोप्टरको उपलब्धता र आपत्कालीन समन्वयलाई पनि प्राथमिकता दिनुपर्ने देखिन्छ। अहिले जिल्ला प्रशासन कार्यालयले छ जना भारतीय पर्यटकको उद्धारका लागि अन्य हेलिकोप्टरको खोजी गरिरहेको जनाएको छ।

हुम्लामा खाना पकाउने ग्यास सहज

❐ काँक्रेविहार संवाददाता
हुम्ला, १५, कात्तिक



लामो समय खाना पकाउने ग्यासको समस्या भोग्दै आएका जिल्लावासीलाई अब भने सहज भएको छ। सुर्खेतको डिलरबाट ग्यास लोड गरिएका गाडी नियमित आउन थालेपछि हुम्ला जिल्लामा खाना पकाउने ग्यासको अभाव हटेको हो।

सिमकोट बजारका उपभोक्ता पेमा लामाले बजारमा खाना पकाउने ग्यास सहजै पाउन सकिने अवस्था रहेको बताइन्। ब्यापारीलाई एक कल फोल गरेर जतिवेला पनि ग्यासका सिलिण्डर लिन जान सकिने भएको कारण खाना पकाउने ग्यासको सहजता भई रहेको उनको भनाइ छ। जिल्लामा पुर्ण रुपमा खाना पकाउने ग्यासको अभाव हटेको आदित्त जनरल स्टोरका रेशम महतले बताए।

सुर्खेतबाट नियमित रुपमा ग्यासका सिलिण्डर लोड भएका गाडी आउन थालेपछि हुम्लामा खाना पकाउने ग्यासको अभाव हटेको हो। हिजोआज उपभोक्ताले जतिवेला आफुलाई ग्यासको आवश्यकता परेपनि लिन सक्ने अवस्था छ।

खाना पकाउने ग्यासको सजहता मात्र नभएर मुल्य पनि घटेको उनको भनाई छ।

हाल पुराना सिलिण्डर साँटेको प्रतिसिलिण्डर दुई हजार ६५० रुपियाँ मूल्य लिने गरिएको जानकारी दिँदै उनले खासमा दुई हजार आठ सय रुपियाँ मुल्य पर्न आउने भए पनि चाडवाडको छुटमा ग्यास डेढ सय रुपियाँ कममा बिक्री भई रहेको बताए।

यसअघि खाना पकाउने ग्यासको अभाव हुँदा पुराना प्रतिसिलिण्डरको मुल्य तीन हजार तीन सय रुपियाँ पर्ने गर्थ्यो। निक्कै लामो प्रयासपछि जिल्लामा खाना पकाउने ग्यासको सहज भएको स्थानीय प्रशासनले जनाएको छ।

हिल्सा र लिमीमा हिमपात

❐ काँक्रेविहार संवाददाता
हुम्ला, १५ कात्तिक



उत्तरी क्षेत्रको नाम्खा गाउँपालिका- ५ को हिल्सा र ६ को लिमीमा हिमपात भएको छ। शनिबार रातिबाट उत्तरी नाम्खा गाउँपालिका-५ को हिल्सा,यारी, मुचु र चाला गाउँमा भारी हिमपात भएको सशस्त्र प्रहरी बल ४४ नम्बर गुल्मका सशस्त्र प्रहरी नायव उपरिक्षक नन्दबहादुर साउदले बताए।

शुक्रबार दिउँसो वर्षा भए पनि शनिबार रातिबाट भारी हिमपात सुरु भएर दिउँसोसम्म भएको उनले बताए।

हिमपात सुरु भएपछि हिल्साको तापक्रम माइनसमा झरेको कारण चिसो पनि अत्यधिक बढेको छ।

हिमपातले जमिन सेताम्मे भएको कारण हिल्साका स्थानीयलाई घर बाहिर निस्कन समेत कठिन भएको छ। कात्तिक ३ गतेबाट सञ्चालनमा आएको नारा खण्डको सडक हिमपातले पुनः बन्द भएको छ।

हाल हिल्सामा सशस्त्र प्रहरी, नेपाल प्रहरी, यारी नाका भन्सार कार्यालय, अध्यागमन कार्यालयका कर्मचारी, होटेल ब्यवसायी र अन्य स्थानीय बस्दै आएका छन। हिल्सावासी अब सिमकोटतर्फ आउने तयारी गरि रहेको बेला पून हिमपात भएपछि हिल्सा मै रोकिनु परेको छ। हिल्सामा दुई फिट हिउ जमिनमा जमेको छ। यता नाम्खा गाउँपालिका-६ को हिमालपारीको गाउँ लिमीमा पनि भारी हिमपात भएको लिमीका वडा अध्यक्ष पाल्जोर तामाङले बताए।

घरको छतमा साँढे दुई फिट जमेको बताउदै स्थानीयलाई सो हिउ पन्छाउन कठिन भएको छ। हिमपातले लिमीका स्थानीय पनि घर बाहिर निस्कने अवस्था रहेको छैन। लिमीमा तापक्रम माईनस नौ डिग्री सेल्सियस पुगेकोले चिसो पनि अत्यधिक बढेको छ। स्थानीय बाक्ला कपडा लगाएर घर भित्रै आगो तापेर बसी रहनु भएको छ।

लिमीमा मानिसपछि पशुबस्तुलाई पालनमा समस्या देखिएको बताउदै उहाँले अघिल्लो हिउले घाँसलाई क्षेती पुर्याएको कारण समस्या देखिएको बताउनुभयो। यसअघि असोज ९ देखि १२ गतेको हिमपातले न्यालु सडक नखुले कै बेला पुनः हिउँ थपिएकोले अव लिमी आउजाउ पुर्ण रुपमा बन्द भएको छ।

यो हिमपात सिमकोट गाउँपालिकाको छोवाखोर पंञ्चमुखी, रलिङ , बोक्सी हिमालको तल्लो क्षेत्रमा समेत भएको छ। सदरमुकाम सिमकोट भन्दा तल्लो क्षेत्रमा भने वर्षा भई रहेको छ। वर्षाको कारण शुक्रबारबाट हवाई सेवा समेत बन्द छ।

देशभरबाट...

अभाव छ। समयमै स्वास्थ्य संस्थामा पुग्न नसक्दा सामान्य समस्या पनि जटिल बन्ने गरेको छ।

स्वास्थ्य सेवा निर्देशनालयको आर्थिक वर्ष २०८२/८३ को तथ्यांकअनुसार कर्णालीमा ७२ प्रतिशत गर्भवतीको स्वास्थ्य संस्थामा सुत्केरी भएको पाइएको छ। बाँकी २८ प्रतिशत महिला घरमै सुत्केरी हुने गरेका छन्। दक्ष स्वास्थ्यकर्मीबाट सुरक्षित प्रसूति सेवा पाउने दर ६९ प्रतिशत र आठपटक गर्भजाँच गराउने दर ५७ प्रतिशत मात्रै छ।

निर्देशनालयकी पब्लिक हेल्थ नर्स प्रशासक मानकुमारी गुरुङका अनुसार कर्णालीमा २० वर्षमुनिका गर्भवती आमाको हिस्सा १५ प्रतिशत छ। संस्थागत सुत्केरीको अवस्था डोल्पामा सबैभन्दा कमजोर रहेको उनी बताउँछिन्। 'स्वास्थ्य संस्थामा प्रसूति सेवा उपलब्ध भए पनि सबै महिलाको सहज पहुँच छैन,' उनले भनिन्, 'त्यसैले पनि उद्धार कार्यक्रमले दुर्गमका महिलाहरुलाई नयाँ जीबन दिएको छ।'

पूर्तिमकाँडा खानेपानी, सरसफाइ तथा स्वास्थ्य सुधार उपभोक्ता समिति

शिलबन्दी कोटेशन आव्हान गरिएको सूचना

(दोस्रो पटक प्रकाशित मिति : २०८३/०७/१४)

सानीभेरी गाउँपालिका र नेपाल रेडक्रस सोसाइटीको साझेदारीमा संचालित दिगो विकासका लागि स्वास्थ्य, अनुकूलन तथा उत्थानशीलता परियोजना अन्तर्गत विभिन्न किसिमका निर्माण सामग्रीहरु : सिमेन्ट, रड, पाइपहरु, सेनिटरी फिटिङ्गस लगायतका सामग्री खरिद गर्नुपर्ने भएकोले रुकुम (पश्चिम भाग) जिल्लाको सानीभेरी गाउँपालिका वडा नं.२, पूर्तिमकाँडा उत्तेसेनी सम्म सामग्री आपूर्ति गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका उत्पादक, अधिकृत विक्रेता तथा वितरकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ०७ दिन भित्र तपसिलको शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरु :

१. बोलपत्र फारम तल उल्लेखित स्थानबाट पूर्तिमकाँडा खानेपानी, सरसफाइ तथा स्वास्थ्य सुधार उपभोक्ता समितिको लक्ष्मी सनराइज बैंक सानीभेरी गाउँपालिकामा रहेको खाता नं. ०७७९१४९६००११०३४५ मा बोलपत्र फारम दस्तुर वापत रु ४,०००।– जम्मा गरेको भौचर पेश गरेपछि प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारमका साथ उद्योग/फर्म दर्ताको प्रमाणपत्र, उद्योग/फर्म भ्याटमा दर्ता भएको प्रमाणपत्र, आयकर प्रमाणपत्र (नवीकरण गरेको) तथा फारम दस्तुर तिरेको रसिद पेश गर्नु पर्नेछ। शिलबन्दी बोलपत्र खाम बाहिर बोलपत्र दाताको नाम, ठेगाना, सम्पर्क नम्बर तथा फर्मको छाप अनिवार्य हुनुपर्नेछ।
३. बोलपत्र फारममा उल्लेखित प्रत्येक सामग्रीको दररेट (भ्याट बाहेक) अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट वा टिपेक्स लागेको अंक मान्य हुने छैन। बोलपत्र फारममा उल्लेख गरिएका सामग्रीहरुका लागि सानीभेरी गाउँपालिका वडा नं.२, पूर्तिमकाँडा उत्तेसेनीसम्म सामग्री ढुवानी सहित भ्याट सहित कुल लागत रकम रु.९,९४,०४७/- (अक्षरुपी नौ लाख चौरानब्बे हजार सतचालीस रुपैया मात्र) मा नबढाई हुनुपर्नेछ।
४. बोलपत्र फारममा उल्लेखित प्रत्येक सामग्रीको ढुवानी खर्च समेत समावेश हुनेगरी को दररेट (भ्याट सहित) अंक र अक्षर दुवैमा स्पष्ट गरी लेखिएको हुनु पर्नेछ। अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट वा टिपेक्स लागेको अंक मान्य हुने छैन। आफूले आपूर्ति गर्न सकिने उल्लेखित सामग्रीको गुणस्तर, कम्पनी/ब्राण्ड अनिवार्य रुपमा कोटेशनमा खुलाउनु पर्नेछ अन्यथा उक्त बोलपत्र अन्य भन्दा कम दरभाउ भएतापनि रद्द गर्न सकिनेछ।
५. बोलपत्र फारम खाम बन्द गरी लाहा छापले शिलबन्द गरिएको हुनुपर्नेछ, अन्यथा उक्त बोलपत्र दर्ता गर्न बाध्य हुने छैन।
६. बोलपत्र फारम दर्ता गर्ने अन्तिम मितिको दोस्रो दिन १२:०० बजे पूर्तिमकाँडा खानेपानी, सरसफाइ तथा स्वास्थ्य सुधार उपभोक्ता समितिको प्रतिनिधिहरु, साझेदार कार्यालयका प्रतिनिधिहरु र बोलपत्र दाता स्वयं वा निजको प्रतिनिधिको उपस्थितिमा सानीभेरी गाउँपालिका, वडा नं. २, उत्तेसेनी स्थित पूर्तिमकाँडा खानेपानी, सरसफाइ तथा स्वास्थ्य सुधार उपभोक्ता समितिको कार्यालयमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा पनि शिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन। तर सो दिन सार्वजनिक विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खोलिने छ।
७. बोलपत्रमा आफूले कबोल गरेको रकमको (भ्याट सहितको जम्मा रकमको) २.५ प्रतिशतले हुने रकम बराबर धरौटी स्वरुप नेपाल सरकारबाट मान्यता प्राप्त कमर्सियल बैंकबाट जारी भएको कोटेशन पेश गर्ने अन्तिम मितिबाट कम्तिमा ९० दिन मान्य अवधि भएको बैंक ग्यारेण्टी (Bid Bond) वा पूर्तिमकाँडा खानेपानी, सरसफाइ तथा स्वास्थ्य सुधार उपभोक्ता समितिको लक्ष्मी सनराइज बैंक सानीभेरी गाउँपालिकामा रहेको बैंकको खाता हि.नं. ०७७९१४९६००११०३४५ मा रकम दाखिला गरेको बैंक भौचर बोलपत्र दर्ता गर्दा पेश गर्नुपर्ने छ। कोटेशन स्वीकृत भएपछि बिड बोण्ड बाहेक कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतको रकममा नघट्ने गरी कार्य सम्पादन जमानी (परफरमेन्स बण्ड) जम्मा गर्नुपर्नेछ।
८. म्याद नाघी वा रीत नपुगी आएका बोलपत्र उपर कुनै कारवाही हुने छैन।
९. यस बाहेक थप जानकारी आवश्यक परेमा तल उल्लेखित कार्यालयहरुमा कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ।
१०. फाराम बुझाउने अन्तिम मिति २०८३/०७/२० गते कार्यालय समय भित्रमा हुनेछ।
११. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार पूर्तिमकाँडा खानेपानी, सरसफाइ तथा स्वास्थ्य सुधार उपभोक्ता समितिमा सुरक्षित रहनेछ।

शिलबन्दी बोलपत्र प्राप्त गर्ने र पेश गर्ने ठेगाना/स्थान:

पूर्तिमकाँडा खानेपानी, सरसफाइ तथा स्वास्थ्य सुधार उपभोक्ता समिति
सानीभेरी गाउँपालिका-२, उत्तेसेनी रुकुम (पश्चिम भाग)
फोन नं. ९७६४१९८२५० वा ९८४४९४९०७४ वा ९८१८३५०५७९ वा ९७०५६८७३०८

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

कोप-३१ मा नेपालले हानि-नोक्सानी कोषबारे उठाउँदैछ आफ्ना कुरा

काँक्रेविहार संवाददाता

काठमाडौं, १५ कात्तिक

नेपालले जलवायुजन्य विपत्तिबाट प्रभावित समुदायको पुनरुत्थान तथा पुनर्निर्माणका लागि हानि-नोक्सानी प्रतिकार्य कोष (एफआरएलडी) मा सहज पहुँच, शीघ्र रकम वितरण र पर्याप्त अनुदानको माग अधि सार्ने भएको छ।



नोभेम्बर ९ देखि टर्कीको अन्ताल्यामा सुरु हुने संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन सम्बन्धी सम्मेलन (कोप-३१) मा प्रस्तुत गर्न नेपालले तयार पारेको धारणामा नेपालले पर्वतीय क्षेत्रमा बढ्दो जोखिम र आर्थिकसँगै गैरआर्थिक क्षतिलाई अन्तर्राष्ट्रिय सहायता प्रणालीले सम्बोधन गर्नुपर्नेमा जोड दिएको छ।

नेपालले हानि नोक्सानी कोषको द्रुत संयन्त्रलाई औपचारिक रूपमा सञ्चालनमा ल्याउन पनि माग गर्ने छ। विपत्तिपछि तत्काल पुनर्स्थापना र पुनर्निर्माण गर्नुपर्ने अतिकम विकसित देशका लागि तत्कालै पहुँचलाई सरल बनाउँदै प्रत्यक्ष बजेट सहयोगको व्यवस्था गर्नुपर्ने नेपालले आफ्नो धारणा राख्ने छ।

भोटेकोशी बाढीपछि नेपालका लागि कोषले छुट्याएको दुई करोड १६ लाख अमेरिकी डलरलाई नेपालले महत्त्वपूर्ण उपलब्धिको रूपमा लिएको छ। कोषको बोर्ड बैठकले सो रकम छुट्याएको हो। यद्यपि हालसम्म रकम निकासा भएको छैन।

नेपालले प्रस्तुत गर्ने धारणापत्र अनुसार कृषि, वन तथा वातावरण मन्त्रालय र अर्थ मन्त्रालयले सन् २०२६ अगस्ट ३१ मा कोषको सचिवालयसमक्ष प्रस्ताव पेस गरेको थियो। सरकारले परियोजना कार्यान्वयनसम्बन्धी निर्देशिकालाई अन्तिम रूप दिन तथा पारदर्शी रूपमा अगाडि बढाउन कोषको सचिवालयसँग सहकार्य गर्ने प्रतिबद्धता पनि जनाएको छ। प्रभावित समुदायले समयमै सहयोग प्राप्त गर्ने सुनिश्चिततासहित पुनर्निर्माणलाई दीर्घकालीन सुरक्षित जीविकोपार्जनसँग जोड्नुपर्नेमा नेपालको जोड छ।

भोटेकोशी बाढीबाट करिब ६० हजार मानिस प्रभावित भएका छन्। एक हजार ४५३ जनाको मृत्यु भएको छ भने पाँच हजारभन्दा बढी बेपत्ता भएका अवधारणापत्रमा उल्लेख छ। त्यसमा सम्पत्ति क्षति दुई अर्ब ६८ करोड अमेरिकी डलर तथा पुर्ननिर्माणमा चार अर्ब ७८ करोड डलर लाग्ने अनुमान गरिएको छ। नेपालले भोगेको क्षतिको अनुपातमा कोषबाट प्राप्त हुने रकम अपर्याप्त रहेको उल्लेख गरिएको छ। नेपालले कोषमा घोषणा गरिएका बाँकी प्रतिबद्धतालाई पूरा गर्न तथा दीर्घकालीन रूपमा स्रोत थप्न रणनीति बनाउन पनि माग गरेको छ।

पर्वतीय क्षेत्रमा हिमनदी पग्लने, हिमताल विस्फोट हुने, पहिरो जाने र अत्याधिक वर्षाबाट उत्पन्न हुने जोखिमलाई अन्तर्राष्ट्रिय मूल्यांकन तथा वित्तीय सहयोगका मापदण्डमा स्पष्ट उल्लेख गर्न पनि नेपालले माग गर्नेछ।

भौतिक पूर्वाधारको क्षतिको साथै सांस्कृतिक सम्पदाको विनाश, मनोसामाजिक अवस्थामा ह्रास, शिक्षामा क्षति र जैविक विविधताको क्षतिलाई समेत हानि-नोक्सानीको मूल्यांकनमा राख्न नेपालले आफ्नो धारणा अधि सार्नेछ। कोप-३१ मा नेपालको सहभागीताको तयारीका लागि कृषि, वन तथा वातावरण मन्त्रालयको एक टोली भोली नै टर्की जाने भएको छ। कृषि मन्त्रालयका सहसचिव एवं जलवायु विज्ञ डा.महेश्वर दाहालको नेतृत्वमा एक टोली जाँदैछ।

ट्रकमा मोटरसाइकल ठोक्किँदा एक जनाको मृत्यु

काँक्रेविहार संवाददाता

दैलेख, १५ कात्तिक

सुर्खेत-दैलेख सडक खण्डमा आइतबार ट्रकमा मोटरसाइकल ठोक्किएर भएको दुर्घटनामा एक जनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा मोटरसाइकलको पछाडि सवार चामुण्डाविन्द्रासैनी नगरपालिका-३ का ५५ वर्षीय कृष्णकुमार आचार्य रहेका छन्।



सुर्खेतबाट दैलेखतर्फ जाँदै गरेको लु.प्र.०२-००१ क ०१९३ नम्बरको ट्रकको पछाडि सोही दिशातर्फ जाँदै गरेको क.प्र.०२-००३ प २२१० नम्बरको मोटरसाइकल ठोक्किएर दुर्घटना भएको हो।

दुर्घटनामा परी गम्भीर घाइते भएका आचार्यलाई उपचारका लागि कर्णाली प्रदेश अस्पताल पुऱ्याइएकोमा चिकित्सकले मृत घोषित गरेका थिए।

दुर्घटनामा मोटरसाइकल चालक छोरा चामुण्डाविन्द्रासैनी-३ का २६ वर्षीय श्रवणकुमार आचार्य भने सकुशल रहेका छन्।

प्रहरीले ट्रक चालक दाङको लमही नगरपालिका-३ का २५ वर्षीय सबिन चौधरी र दुर्घटनामा संलग्न दुवै सवारी साधनलाई नियन्त्रणमा लिएर घटनाबारे आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ।

स्याउ विकास बोर्ड स्थापनाको तयारी

काँक्रेविहार संवाददाता

जुम्ला, १५ कात्तिक

जुम्लाका बरिष्ठ स्याउ किसान रामकृष्ण बुढ्थापाले २०२५ सालबाट स्याउ खेती सुरु गरेका हुन्। जबकी जुम्लामा २०२४ सालबाट स्याउखेतीको सुरु भएको एतिहास छ। स्याउ खेतीमा करिब ५९ वर्ष लामो अनुभव संगालेका बुढ्थापा कर्णालीमा स्याउ विकास बोर्ड गठन हुने भएपछि उत्साहित छन्। वर्षौंदेखी उत्पादन बृद्धि, उचित मुल्य र बजारको अभाव, रोग किराको प्रकोप, प्रशोधनको अभाव, बीमादेखी ढुवानीमा अनुदान तथा सहुलियत नपाएर मारमा परेका किसानलाई स्याउ विकास बोर्ड स्थापनापछि राहत मिल्ने उनको आशा छ स्याउ खेतीमा पाँच दशक बिताए पनि स्याउको उत्पादन बृद्धि, बजारीकरण तथा मुल्य निर्धारण गर्ने, प्रशोधनमा ध्यान दिने ठोस नीति र संयन्त्र नहुँदा अपेक्षाकृत स्याउबाट कर्णालीले लाभ लिन नसकेको उनको तर्क छ। त्यस्तै किसान शंखु खत्रीले स्याउ जुम्लाको मात्र नभई समग्र कर्णाली समृद्धीको आधार बन्न सक्ने बताए। उनले भने,'राज्यको उपेक्षाका बीच पनि जुम्लाले करिब ७० करोड बढीको स्याउ वर्षमा निर्यात गर्दै आएको छ। यदपी स्याउ विकास बोर्ड गठन भई स्याउको उचित मुल्य र बजार सुनिश्चित, उत्पादन बृद्धि भए कर्णालीको समृद्धी हेर्न धेरै समय कुर्न पर्दैन्।' किसान गोपाल रोकायाले पनि कर्णाली प्रदेश सरकारले स्थापना गर्न लागेको स्याउ विकास बोर्डले साना किसानलाई व्यवसायीक बनाउनेदेखी



समृद्ध कर्णालीको खाका कोर्न गर्न मदत गर्ने बताए ।स्याउ विकास बोर्ड विगतका जस्ता कार्यकर्तामुखी विभिन्न आयोग जस्ता नभई स्याउबाट समृद्धी हासिल गर्ने दृढ लक्ष्य बोकेको संस्थाका रुपमा स्थापना गर्न आग्रह गरे। किसान रामकृष्ण, शंखु र गोपालले शुक्रबार जुम्लामा आयोजित स्याउ विकास बोर्ड स्थापना तथा संचालन गर्न बनेको विद्येयक माथिको छलफलमा जिज्ञासा राखेका हुन्। जुम्लाबाट निर्वाचित प्रदेश सभा सदस्य देवेन्द्र बहादुर शाही, अर्थमन्त्री टेकराज पछाईको विशेष सक्रियतामा स्याउ विकास बोर्ड गठन प्रक्रिया अघि बढ्दै छ। बोर्डको संरचनादेखी संचालन प्रक्रिया कस्तो हुनुपर्छ भन्ने सुझाव लिन जुम्ला पुगेको संसदीय टोलीले बृहत्त छलफल गरी सुझाव संकलन गरेको छ।

जुम्लामा मात्रै वार्षिक एक अर्ब र समग्र कर्णालीमा ८ अर्ब बराबरको स्याउ उत्पादन तथा निर्यात क्षामता भएपनि ठोस नीति र संयन्त्रको अभावले कर्णालीले स्याउबाट लाभ लिन सकेको छैन्। स्याउ उत्पादनको सम्भावना र भविष्यलाई मध्यनजर गरी स्याउ विकास बोर्ड गठन गर्न थालिएको कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री टेकराज पछाईले बताए।

'अहिलेकै सरकारले स्याउ विकास बोर्डलाई अघि बढाउँछ, यसमा सबै ढुक्क हुनुहोस्',उनले भने,'प्रदेश सभामा टेबुल भई सामाजिक विकास समितिमा दफाबार छलफल गरेर संशोधन हालेर सबै प्रक्रिया पूरा गरेर हिउँदे अधिवेशनबाटै विद्येयक पारित गर्ने पक्षमा सरकार छ। यसमा सबैको साथ सहयोगको अपेक्षा छ। र स्याउ विकास बोर्ड अघि बढाउन सरकार सकरात्मक छ।' स्याउको व्यवसायीक उत्पादन,यूवा लक्षित अनुदान तथा सहुलियत, गुणस्तरीय मल तथा विरुवा, उत्पादनका आधारमा अनुदान प्रोत्साहन, मुल्य बजारको सुनिश्चितता गर्ने सवालमा बोर्डले विशेष काम गर्ने मन्त्री पछाईले उल्लेख गरे। स्याउ विकास बोर्ड गठन तथा संचालन सम्बन्धी अन्तरक्रिया गर्न प्रदेश सभा सदस्य देवेन्द्र बहादुर शाही, कृष्ण बहादुर जिसी, हिक्मत बहादुर बिष्ट, पूर्ण बहादुर खत्री, दुर्ग बहादुर रावत लगायतको टोली जुम्ला पुगेको थियो। कार्यक्रममा सहभागी करिब १५० भन्दा बढी किसान, उद्यमी, व्यवसायी तथा जनप्रतिनिधि, पुर्वमन्त्री,संविधानसभा सदस्यहरु मध्य ४० जनाले आफ्नो धारणा राखेका थिए। जसमध्य अधिकांशले स्याउ विकास बोर्ड गठनलेस्याउ उत्पादन बृद्धि सगै आम्दानी बढाएर समृद्ध कर्णालीको आधार तयार गर्ने आशा व्यक्त गरे।





काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००,
Email : ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)